## १.४ निर्वाचनको तयारी :

नेपालको अन्तरिम संविधान, २०६३ जारी हुनुपूर्व नै मतदाता नामावली सम्बन्धी ऐन-नियमको अधीनमा रही आयोग निर्वाचनको लागि मतदाता नामावली तयारी गर्ने कार्य प्रारम्भ गरी निर्वाचनमा जुटेको थियो । अन्तरिम संविधान जारी भएपछि निर्वाचन सम्बन्धी अन्य तयारीमा पनि आयोगले अग्रसरता लियो । तर, २०६४ जेठभित्र निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक सम्पूर्ण कानूनको निर्माण हुन नसकेको र संविधान बमोजिम निर्वाचनका लागि सरकारले मिति पनि तोक्न ढिलाई गरेका कारण आयोगलाई निर्वाचन तयारीका निमित्त चाहिने समययावधि नपुग हुने भएकोले २०६३ चैत २९ गते आयोगले २०६४ जेठभित्र निर्वाचन सम्पन्न गर्न प्राविधिक हिसावले समयाभाव हुने निर्णय गरी सन्देश सार्वजनिक गर्नु परेको थियो । २०६४ जेठमा नेपाल अन्तरिम संविधान, २०६३ मा संशोधन गरिए लगत्तै सरकारले २०६४ मार्ग ६ गते मतदान हुने गरी २०६४ असार १० गते निर्वाचन मिति तोक्ने निर्णय गर्‍यो । यस पछि आयोगले निर्वाचनको तयारीलाई विशेष तीब्रता दिएको थियो । समानुपातिक निर्वाचन प्रणालीको लागि मिति २०६४।६।१ मा निर्वाचन कार्यक्रम प्रकाशन गरी मिति २०६४।६।१३ मा उम्मेदवारको बन्दसूची पेश गर्ने र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि मिति २०६४।६।१६ मा निर्वाचन कार्यक्रम प्रकाशन गरी मिति २०६४।६।१८ मा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने गरी निर्वाचन कार्यक्रम निर्धारण भयो । आयोगले निर्धारण गरेको सो कार्यक्रममा नेपाल सरकारको अनुरोध र शान्ति प्रक्रियाको अन्तिम अंगको रुपमा रहेको यस निर्वाचनलाई सम्पन्न गर्न मुलुकको विविध परिस्थितिलाई दृष्टिगत गरी समानुपातिक निर्वाचन प्रणालीको लागि २०६४ असोज १८ र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि असोज २१ गते क्रमशः उम्मेदवारको बन्दसूची र मनोनयनपत्र दर्ता गर्ने गरी कार्यक्रम संशोधन गरिएको थियो । यसका लागि निर्वाचन अधिकृतहरु नियुक्त गरिए, मतदान केन्द्रहरु तोकिए, निर्वाचन अधिकृत लगायत सम्बन्धित सबैका लागि तालीम कार्यक्रमहरु सञ्चालन गरिए । मार्ग ६ को निर्वाचनका लागि आयोगले मतपत्र छपाइ बाहेकका सम्पूर्ण व्यवस्थाहरु मिलाइसकेको थियो । निर्वाचन सम्बन्धी आवश्यक नियम, निर्देशिका तथा जानकारीमूलक पुस्तिकाहरु तयार थियो । निर्वाचनको सबै तयारी र निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने काम समेत पुरा भइसकेपछि संशोधित निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारको बन्दसूची पेश गर्ने दिन सरकारले निर्वाचन स्थगित गर्ने निर्णय गरी आयोगलाई जानकारी दिएपछि आयोगले निर्वाचनका सबै कार्यक्रम रद्द गर्‍यो । त्यसपछि पुनः राजनैतिक सहमति बनेपछि २०६४ चैत्र २८ गते निर्वाचन हुने गरी निर्वाचन मिति तोकियो । यस निर्वाचनका लागि आयोगले पहिले गरेका कार्यहरुलाई निरन्तरता दिदै पुनः निर्वाचन अधिकृतको नियुक्ति तथा निर्वाचन अधिकृतको कार्यालयको स्थापना लगायत सम्पूर्ण तयारीको काम सम्पन्न गर्‍यो ।